
हेल्थ डेस्क

# मुक्ति

गरीबीको लागत गरीबहरूका लागि सधैँ उच्च हुन्छ । गरीबीबाट बाहिर आउने सङ्घर्षले कहिलेकाहीँ मानिसलाई झनै तलतल धकेल्छ । भीमदत्त नगरपालिकामा घरेलु कामदारको रूपमा कार्यरत जुना, (वर्ष २८), का लागि जीवन र गरीबीले एकपछि अर्को चुनौतीको पहाड सिर्जना गरिदियो ।

कामको खोजीमा घरपरिवार छाडेर जुना पर्वतको कुश्मा नगरपालिकाबाट कञ्चनपुर आइपुगिन् । नयाँ ठाउँ, नयाँ जनजीवनमा जीवन सरल पक्कै थिएन । कसोकसो एक जना चिनारूको सहायताले उनले एउटा घरमा घरेलु कामदारको रूपमा काम पाइन् । घरमा एक वृद्ध दम्पत्ती बस्थे भने दम्पत्तीका बालबच्चा विदेशमा थिए । काम सजिलो थियो, रोजगारदाता मिजासिला थिए, तलब पनि राम्रै थियो । आखिर जीवनमा चाहिने यस्तै खुशी होइनन् र ?

जीवनको गति आफ्नै हिसाबमा बग्दै थियो । एक बिहान, जुनाकी घरबेटी आमा नजिकैको गाउँमा बस्ने आफन्तकोमा केही दिनका लागि पाहुना लाग्न जाने भइन् । यसको अर्थ जुनाका लागि अलिकति काम थपिनु थियो र तर घरबेटी आमाले घरबेटी बुबालाई समयमा औषधि दिने विशेष निर्देशन दिइन् । जुनाले सहजै स्वीकारिन् ।

घरको कामधन्दामा दिन कति बेला बित्यो जुनाले पत्तै पाइनन् । बेलुका आराम गर्ने बेलामा उनी झस्किन् । घरबेटी बुबालाई औषधि दिन उनले बिर्सिछिन् । घरबेटी बुबा आफ्नो कोठामा गइसकेको हुनाले उनले कोठा बाहिरैबाट पुकारा लगाइन्, औषधि खान सम्झाइन् । घरबेटीले उनलाई औषधि र पानी लिएर कोठामा आउन अह्राए । उनी जसै औषधि लिएर पुगिन्, घरबेटीले कोठाको ढोका बन्द गरे, चुकुल लगाए र जबरजस्ती गर्न थाले । जुनाले सक्दो प्रतिकार गरिन् तर उनको केही चलेन । घरबेटीले यो कुरा कसैलाई बताएमा राम्रो नहुने धम्की दिए । जुना थकित मन र ज्यान लिएर आफ्नो कोठा फर्किन् ।

एकपटकको दुर्व्यवहार बिस्तारै दिनचर्या बन्न थाल्यो । घरबेटीले मौका मिल्नासाथ जुनामाथि दुर्व्यवहार गर्न थाले, उनको धम्कीको सघनता पनि साथसाथै बढ्दै गयो । जुनाको मानसिक स्थितिमा नराम्रो असर पर्न थाल्यो र उनी यो नर्कबाट उम्किने बाटो खोज्न थालिन् । कसोकसो उनी भारतमा काम लगाइदिने एउटा समूहको सम्पर्कमा पुगिन् । उनले खोजेको विकल्प पनि यस्तै त थियो । अन्ततः, उनले भाग्ने निर्णय गरिन् ।

जुनालाई गड्डाचौकी सीमानाकामा भारत जाँदै गर्दा रोकियो । सीमाचौकीका अधिकारीले सोधेका सामान्य प्रश्नको जवाफ पनि जुनासँग थिएन । आफू कहाँ जाँदैछु वा के कामका लागि जाँदैछु भन्ने जस्ता सामान्य कुराको पनि उनीसँग जानकारी थिएन । उनको बाबुआमालाई पनि उनको भारत यात्राको बारेमा केही थाहा थिएन । उनलाई मानव बेचबिखनको जोखिममा रहेकी महिलाको रूपमा पहिचान गरी शान्ति पुनर्स्थापना केन्द्रमा प्रेषण गरियो ।

प्रेषणपश्चात्, शान्ति पुनर्स्थापना केन्द्रले जुनालाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गरायो । सेवाको विभिन्न सत्रपछि मात्रै जुनाले मनमा कुँडिएर बसेको बह पोखिन्, भक्कान्इन् र विगतका सबै तीतामीठा अनुभव सुनाइन् । उनको कुराको आधारमा शान्ति पुनर्स्थापना केन्द्रले उनको परिवारसँग नेपाल प्रहरीको सहयोगमा सम्पर्क गऱ्यो । धेरै प्रयासपछि, हाल जुना आफ्नो परिवारसँग कुश्मामै बस्न थालेकी छिन् ।